# सरकारद्वारा सञ्चालित बालकल्याण गृहहरुको व्यवस्थापन सुधारसम्बन्धी अध्ययन प्रतिवेदन

## १. परिचयः

विगत लामो समयदेखि असहाय, अनाथ वृद्ध तथा बालबालिकाहरुलाई आश्रय र खानपिनको व्यवस्था गरी ठाउँमा पाठशाला तथा अनाथालयको रुपमा सञ्चालन गरिएका अनाथालयहरुलाई बालबालिकासम्वन्धी ऐन, २०४८ लागू भएपश्चात वि.स.२०५७ सालदेखि अनाथ, असहाय बालबालिकाहरुलाई आश्रय दिने, खानपिन, लालनपालन तथा शिक्षा प्रदान गर्ने उद्देश्यका साथ नेपाल सरकारले आफ्नै व्यवस्थापनमा वुटवल, वीरगञ्ज, विराटनगर र राजविराज गरी जम्मा ४ वटा वालगृहहरु सञ्चालन गरी गरेको छ । नेपाल सरकारको श्रोतमा सञ्चालित हाल वालगृहहरु प्रत्येकमा २७ जना अनाथ वालवालिका रहने गरी नेपाल सरकारको आर्थिक दायित्वमा व्यवस्थापन गरिएको छ ।

बालबालिका सम्वन्धी ऐन, २०४८ को दफा ३४ मा नेपाल सरकारले आवश्यकता अनुसार विभिन्न क्षेत्रमा वालकल्याण गृह स्थापना गर्ने व्यवस्था गरेको छ । यस्ता बालकल्याण गृहमा १६ वर्ष उमेर पूरा नभएका बेवारिस बालबालिकाहरुलाई राख्ने प्रावधान रहेको छ । नेपाल सरकारले संचालन गरेका उपर्युक्त चारवटा वालकल्याण गृहहरु यसै प्रावधान अन्तर्गत रहेका छन् । बालकल्याण गृह सञ्चालन गर्नका निमित्त वालवालिकासम्बन्धी नियमावली, २०५१ को नियम १५ मा व्यवस्थापन समितिको गठन हुने व्यवस्था रहेको छ, जसअनुसार सो समितिमा स्थानीय सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सक, बाल मनोवैज्ञानिक र शिक्षकहरुमध्येबाट बढीमा ७ जना सदस्य रहने गरी समिति गठन हुने र अध्यक्ष तथा सचिवको नाम र पदावधि मन्त्रालयले तोके बमोजिम हुने व्यवस्था गरेको छ । यसका साथै बालकल्याण गृह सञ्चालनका लागि ‘‘बालकल्याण गृह सञ्चालन सम्बन्धी मापदण्ड, २०६९” समेत लागु गरेको छ ।

यसै सन्दर्भमा नेपाल सरकारवाट संचालित वालकल्याण गृहहरुको व्यवस्थापन सुधारका लागि थप मद्दत पुर्‍याउने उद्देश्यका साथ चालू आ.व. २०७१/७२ मा सरकारद्वारा सञ्चालित बालगृहहरुको व्यवस्थापन सुधारका लागि अध्ययन कार्यक्रम रहेको र यस प्रयोजनमा रु. ५ लाख विनियोजन भएको थियो । यही कार्यक्रम अन्तर्गत मन्त्रालयको योजना तथा सामाजिक सुरक्षा महाशाखाबाट चारवटै बालगृहहरुको स्थलगत अध्ययन तथा सर्वेक्षण कार्य सम्पन्न गरिएको थियो ।

## २. उद्देश्यः

बालकल्याण गृहहरु अनुगमनको मुख्य उद्देश्य ४ वटै बालकल्याण गृहहरुको वर्तमान अवस्था, सुशासन र व्यवस्थापनसम्बन्धमा अध्ययन गर्ने तथा बालकल्याण गृह सञ्चालनमा रहेका समस्याहरुको पहिचान गरी तत्कालीन र दीर्घकालीन सुधारका लागि नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई राय सुझाव दिने रहेको थियो ।

## ३. अनुगमन तथा अध्ययन सर्वेक्षण विधिः

### ३.१ स्थलगत अवलोकन तथा निरीक्षणः-

अनुगमनका क्रममा ४ वटै बालकल्याण गृहहरुको स्थलगत अवलोकन तथा निरीक्षण गरिएको थियो । यस क्रममा कार्यालयको भौतिक तथा आर्थिक अवस्था, दरबन्दी, व्यवस्थापन आदि विषयका विवरणहरु संकलन गरिएको थियो ।

### ३.२ जिल्ला बालकल्याण समितिसँग अन्तरक्रियाः

बालकल्याण गृह अनुगमनको क्रममा बालकल्याण गृहहरु सञ्चालन भएका चारवटै जिल्लाहरुमा जिल्ला वालकल्याण समिति बैठक राख्न अनुरोध गरिएको थियो । उक्त समितिको बैठकको मुख्य छलफलको विषय नेपाल सरकारवाट सञ्चालित बालकल्याण गृहहरुको व्यवस्थापन सम्बन्धी समस्या तथा चुनौतीहरु र सुधारकालागि गरिनुपर्ने पहल तथा उपायहरु थिए । अनुगमन टोली रुपन्देही बाहेकका ३ वटा जिल्ला वालकल्याण समितिको छलफलमा सहभागी भएको थियो भने रुपन्देहीमा प्राविधिक कारणबाट अनुगमन टोली छलफलमा उपस्थित हुन नसके पनि अनौपचारिकरुपमा जिल्ला बालकल्याण समितिका अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, सदस्य सचिव, प्रमुख महिला विकास अधिकृत र केही सदस्यहरुसँग अनौपचारिक छलफल गरिएको थियो ।

### ३.३ बालकल्याण गृह व्यवस्थापन समितिसँग अन्तरक्रियाः

अनुगमन क्रममा चारवटै जिल्लामा बालकल्याण गृह व्यवस्थापन समितिसँग औपचारिक रुपमा बालगृह सञ्चालन र व्यवस्थापनसम्बन्धमा छलफल गरिएको थियो । उक्त अवसरमा बालकल्याण गृहहरु सञ्चालन विधि, सुधारका सम्भावना र उपायहरु मुख्य छलफलका विषय थिए ।

### ३.४ बालकल्याण गृहमा आश्रित बालबालिकाहरुसँग कुराकानीः

चारवटै वालकल्याण गृहमा आश्रित केही बालबालिकाहरुसँग खाना, सरसफाइलगायत अन्य व्यवस्थापन तथा अन्य सेवा सुविधाहरुका विषयमा कुराकानी गरिएको थियो ।

### ३.५ बालबालिकाका शिक्षकहरुसँग अन्तरक्रियाः

अनुगमनका क्रममा वालकल्याण गृहमा आश्रित बालबालिकाहरुले पढ्ने विद्यालयका प्रधानाध्यापक तथा अन्य शिक्षकहरुसँग उनीहरुको पढाइको अवस्था, सिकाइमा समस्या तथा अन्य सान्दर्भिक विषयहरुमा समेत अन्तरक्रिया गरियो ।

### ३.६ प्रश्नावली सर्वेक्षणः

बालकल्याण गृहहरुको हालको सञ्चालन विधि, व्यवस्थापन तथा सुधारको लागि दुई प्रकारका प्रश्नावलीहरुमार्फत विवरणहरु सङ्कलन गरिएको थियो । एक प्रकारका प्रश्नावली जिल्ला बालकल्याण समिति, बालकल्याण गृह व्यवस्थापन समितिका तथा अन्य सरोकारवालाहरुसँग लक्षित थिए भने अर्को प्रकारका प्रश्नावली गृहमा बस्ने बालबालिकाहरुको लागि थिए । यसरी सङ्कलित सूचनाहरुलाई छुट्टाछुट्टै विश्लेषण गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

### ४. अनुगमन टोलीः

बालकल्याण गृहहरुको स्थलगत अनुगमन कार्यमा संलग्न कर्मचारीहरुको विवरण र अनुगमन गरिएको मिति निम्नानुसार रहेको छ ।

| **मोरङ्ग तथा सप्तरी**<br>अनुगमन मितिः २०७१/७/२७ र २८ गते | **वुटवल**<br>अनुगमन मितिः २०७१/८/१९ | **पर्सा**<br>अनुगमन मितिः २०७१/९/११ |
|---|---|---|
| श्री शंकरप्रसाद पाठक, सह सचिव, म.वा.तथा स.क.म. | श्री शंकरप्रसाद पाठक, सह सचिव, म.बा.तथा स.क.म. | श्री धनबहादुर तामाङ्ग, सचिव, म.बा.तथा स.क.म. |
| श्री रामप्रसाद भट्टराई, उप सचिव, म.वा.तथा स.क.म. | श्री रामप्रसाद भट्टराई, उप सचिव, म.वा.तथा स.क.म. | श्री शंकरप्रसाद पाठक, सह सचिव, म.बा.तथा स.क.म. |
| श्री भरतराज शर्मा, निर्देशक, म.वा.तथा स.क.मन्त्रालय | श्री भरतराज शर्मा, निर्देशक, म.वा.तथा स.क.मन्त्रालय | श्री राधिका अर्याल, सह सचिव, म.वा.तथा स.क.म. |
| श्री सान्नानी अधिकारी, शा.अ. म.वा.तथा स.क.म. | | श्री रामप्रसाद भट्टराई, उप सचिव, म.वा.तथा स.क.म. |
| श्री सुशिला पन्त, शा.अ., रा.यो.आ. | | डा.किरण रुपाखेती, उपसचिव, म.वा.तथा स.क.म. |
| | | श्री भरतराज शर्मा, निर्देशक, म.वा.तथा स.क.मन्त्रालय |
| | | श्री नवराज अधिकारी, ना.सु., म.वा.तथा स.क. म. |

## ५. बालकल्याण गृहरुको स्थलगत अवलोकनबाट प्राप्त विवरणहरु तथा अन्तरक्रियामा उठेका विषयहरु :-

### ५.१ <u>बालकल्याण गृह, मोरङ्गः</u>

विराटनगरमा सञ्चालित वालकल्याण गृहमा हाल २२ जना (१ वद्धा, १ बालिका र २० जना बालक) रहेका, बालकल्याण गृह भाडाको घरमा सञ्चालन हुँदै आएको छ । यस बालकल्याणको चालू आ.व.को बजेट ३७ लाख १५ हजार रहेको, ७ जना कर्मचारीमध्ये १ जना गृह प्रमुख र १ जना स.ले.पा. वाहेक ४ जना करारमा र १ जना ज्यालादारीमा रहेका छन् । हाल भाडाको घरमा सञ्चालन भइ आएकोमा विराटनगर उप म.न.पा.को वडा नं. ४ मा ६ कट्ठा ७ धुरमा भवन निर्माण भइरहेको छ भने वडा नं. ५ मा रहेको ७ कट्ठा ५ धुर जग्गा प्रयोगमा आउन सकेको देखिएन । व्यवस्थापन समितिका अध्यक्ष श्री ताराचन खेतान रहनुभएको । अनुगमनका क्रममा सुधारका विकल्पहरुका बारेमा छलफल गराइ सुझाव सङ्कलन गरिएको तथा जिल्ला बालकल्याण समिति तथा बालकल्याण गृह व्यवस्थापन समितिसँगको छलफलबाट देहायका विषयहरु उठान भएकाः—

१. बालगृहको संचालनसम्बन्धी मापदण्डअनुसार सञ्चालन नभएको,
२. वालिकाकालागि छुट्टै कक्ष नभएको,
३. वालगृहको समग्र अवस्था (श्रोत, जनशक्ति, खर्च आदि) का वारेमा व्यवस्थापन समितिसमक्ष पर्याप्त जानकारी नहुने गरेको,
४. जिल्ला वालकल्याण समिति र व्यवस्थापन समितिलाई जिम्मेवार नबनाइएको,
५. विगतदेखि बैंकमा व्यवस्थापन समितिको नाममा रहेको रु. २८.४२ लाख प्रयोजन विहीन रहेको,
६. वालगृह निर्माण गर्ने विषयमा व्यवस्थापन समितिसँग समन्वय नभएको,
७. व्यवस्थापन समितिको अधिकार क्षेत्र प्रष्ट नभएको, स्थानीयको सहभागिता नभएको,
८. पूरा SLC परीक्षा पछिको अवस्था बारे स्पष्ट नभएको,
९. आया, ट्यूशन शिक्षक र मनोविमर्शकर्ता नभएको रहेको,
१०. सरसफाई, खाना, खाजासम्वन्धी व्यवस्था कमजोर रहेको, श्रोतको उपयोग राम्रो नभएको ।
११. विहानको र अपरान्हको खाजा वालवालिकाले नपाएका,
१२. करारका कर्मचारीहरुलाई पद अनुसारको पारिश्रमिक दिन नसकिएको ।
१३. वालगृह वाहेकका व्यक्तिहरुको सहज पहुँच र प्रवेश देखिएको ।

## **५.२ <u>बालकल्याण गृह, राजविराज</u>**

राजविराजमा सञ्चालित बालकल्याण गृहमा २२ जना बालक आश्रित रहेका र यसको करीव $^{१}/_{२}$ कठ्ठामा आफ्नै भवन (सानो) रहेको, बालगृहसँगै जोडिएको ८ कठ्ठा खाली जग्गाको उपयोग गर्न नसकेको । जनशक्तितर्फ गृह प्रमुख-१, स.ले.पा. १ र का.स. १ स्थायीतर्फ रहेका छन् भने ५ जना का.स. करारतर्फ रहेका छन् । चालू आ.व.मा यस गृहको वजेट रु. ३७ लाख ८५ हजार रहेको । डा.दीपनाथ यादव व्यवस्थापन समितिको अध्यक्ष रहनुभएको छ । अनुगमनका क्रममा जि.वा.क.स. र वालगृह व्यवस्थापन समितिको वैठक बोलाई विराटनगरकै तरिकाबाट सुझाव संकलन गरिएको थियो । अनुगमन तथा छलफलका क्रममा देहायका विषयहरु प्रस्तुत भएका थिए:–

- बालगृह सञ्चालनसम्वन्धी मापदण्ड नपुगेको,
- भान्सा तथा भोजनकक्ष व्यवस्थित नभएको,
- गृहमा कम्पाउण्ड बाल कमजोर रहेको,
- जग्गा पर्याप्त हुँदा पनि व्यवस्थापन हुन नसकेको,
- बालिका राख्ने व्यवस्था नभएको,
- लागू औषधी प्रयोगकर्ताको हस्तक्षेपबाट वालकल्याण गृहलाई मुक्त गरिएको,
- शिक्षाको गुणस्तर, खाने, बस्ने विषय कमजोर रहेको, अनुगमन र निगरानी कम भएको,
- व्यवस्थापन समिति सबै विषयमा जानकार नरहेको, यसका भूमिका समेत स्पष्ट नभएको,
- कार्यालय प्रमुख बालगृहमा Warden को रुपमा बस्ने नगरेको,

## ५.३ बालकल्याण गृह, वुटवल,

यस गृहमा २२ जना बालक, ३ जना बालिका र १ जना वृद्धा आश्रित रहेका । जि.शि.का.वाट भोगाधिकार प्राप्त भएको बालगृहको आफ्नै भवन २ कट्ठा जग्गामा रहेको, यस बालकल्याण गृहमा गृह प्रमुख-१, स.ले.पा. १ र का.स.३ जना स्थायीतर्फ र अन्य ३ जना का.स. करारतर्फ रहेका छन् । यस कार्यालयको चालू आ.व. को बजेट रु. ४३ लाख ७० हजार रहेको छ । व्यवस्थापन समितिका अध्यक्षमा राधेश्याम राजभण्डारी रहनुभएको । अनुगमनका क्रममा जि.वा.क.स. को बैठकमा अनुगमन टोली सहभागी हुन नसके पनि वैठकका सुझाव अध्यक्ष, सदस्य र सदस्य सचिववाट लिइएको, व्यवस्थापन समितिको बैठकवाट  समेत सुझाव संकलन गरिनुका साथै वालवालिकासँगै खाना खाइ सरसफाई र गुणस्तरतर्फ चासो राखिएको थियो । अनुगमन तथा छलफलबाट देहायका विषयवस्तु देखा परेकाः–

१. कार्यालय प्रमुख बालगृहमै बस्ने गरेका,
२. सरकारीस्तरबाट संचालन गर्दा स्तर कायम हुन नसकेको,
३. कर्मचारी तथा आश्रित बालकहरुले नटेर्ने अवस्था रहेको, Gang को रुपमा रहेको,
४. वजेट र कर्मचारी हुँदापनि सुधार हुन नसकेको,
५. बजेट र कार्यक्रमवारे व्यवस्थापन समितिलाई जानकारी नहुने गरेको, समिति नाम मात्रको भएको, पारदर्शी नभएको,
६. ४ वर्षअघि समितिमार्फत गृह संचालन गर्न दिएको सुझाव कार्यान्वनय नभएको,
८. व्यवस्थापन समिति पुनर्गठन नभएको, मन्त्रालयले नसुनेको,
९. गुणस्तरीय खाना तथा सामानको कमी रहेको तर तालिकावद्ध खाजा, खाना उपलब्ध गराएको,
१०. सरसफाइमा समस्या रहेको,
११. कम्प्युटर, मोटरसाइकलजस्ता सामग्री प्रयोगमा नरहेका,
१२. कक्षा ९ र ८ मा अध्ययन गर्ने ३ जना बालिकाहरुको उपयुक्त व्यवस्थापन गर्नैपर्ने अवस्था रहेको ।

## ५.४ बालकल्याण गृह, वीरगञ्ज

यस बालगृहको अनुगमनमा मन्त्रालयका श्रीमान् सचिवज्यूले नेतृत्व लिनुभएको । वजारसँगै रहेको बालकल्याण गृहको आफ्नै भवन रहेको, नगरपालिकाले १ कोठा थप गर्न सहयोग गरेको, १८ जना बालक आश्रित बाल गृहको व्यवस्थापन समितिको अध्यक्षमा डा. श्यामसुन्दर दास रहनुभएको । अनुगमनका क्रममा अन्य वालकल्याण गृहहरुमा जस्तै जि.वा.क.स. र बालगृह व्यवस्थापन समितिको बैठक आयोजना गर्नुका साथै स्थलगत अध्ययनवाट समेत सुझाव संकलन गरिएको थियो । यस गृहमा गृह प्रमुख-१, (काज मन्त्रालय), स.ले.पा. १ र का.स. ४ स्थायी छन् भने २ जना का.स. करारमा रहेका छन् । यस गृहको चालू आ.व.को वजेट ४३ लाख २० हजार रहेको छ । अनुगमन तथा छलफल क्रममा देहायका विषयहरु देखा परेका छन्:–

१. Warden को व्यवस्था नभएको, कार्यालय प्रमुख नबस्ने गरेका, काठमाडौंमा नै काजमा रहेका,
२. बालिकाकालागि छुट्टै गृह नभएको,

३. साबुन र तेलले नपुग्ने, भ्रमणमा जान श्रोत नरहेको,
४. व्यवस्थापन समितिलाई वजेटबारे जानकारी नहुने, पारदर्शितामा कमी रहेको,
५. S.L.C पछिको निकाश नभएको,
६. मापदण्डको पूर्ण पालना हुन नसकेको
७. कार्यालय कक्ष भत्किन थालेको
८. भान्सा र खाना खाने कक्ष व्यवस्थित नभएको
९. स्थानीय व्यापारीहरुबाट सहयोग हुने गरेको, वस्तुगत सहयोग मात्र लिने गरिएको,
१०. अन्य वालकल्याण गृहको तुलनामा व्यवस्थापन समितिको निगरानी वढी भएको ।

## ६. प्रश्नावली सर्वेक्षणको नतिजा

### ६.१ बालकल्याण गृह सम्बन्धमा सरोकावालाहरुसँग गरिएको प्रश्नावली सर्वेक्षणको नतिजा

**तालिका-१ बालकल्याण गृह हेर्ने अवसर पाए/नपाएको,**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ५२ | ८१.३ |
| २ | छैन | १२ | १८.८ |
| जम्मा | | ६४ | १०० |

चारवटै वालकल्याण गृहसँग सरोकार राख्ने व्यक्तिहरु विशेष गरेर व्यवस्थापन समिति र जिल्ला बाल कल्याण समितिका सदस्यहरुमध्ये अधिकांशले बालगृह हेर्ने अवसर पाएको देखियो (तालिका १) भने सर्वेक्षणमा सहभागी ८८ प्रतिशतभन्दा बढीले हालको व्यवस्थापनमा सुधारको आवश्यकता भएको जनाए (तालिका ३) ।

**तालिका-२ बालकल्याण गृहको अहिलेको व्यवस्थापन कस्तो छ ?**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | ६ | १०.७ |
| २ | ठिकै | ४१ | ७३.२ |
| ३ | नराम्रो | ४ | ७.१ |
| ४ | थाहा छैन | ५ | ८.९ |
| जम्मा | | ५६ | १०० |

**तालिका-३ बालकल्याण गृहको हालको व्यवस्थापनमा सुधारको आवश्यकता ठान्नु हुन्छ ?**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आवश्यक छ | ५४ | ८८.५ |
| २ | आवश्यक छैन | १ | १.६ |
| ३ | थाहा छैन | ६ | ९.८ |
| जम्मा | | ६१ | १०० |

**बालकल्याण गृहमा सुधारको आवश्यकता भनि औंल्याएका मुख्य विषयहरु :-**

यदि सूधारको आवश्यकता छ भने कस्तो र कुन-कुन विषयमा वढि सुधारको आवश्यकता छ ? भनी सोधिएमा विशेष गरी जनशक्ति, भौतिक सुविधा, गुणस्तरीय शिक्षा, मनोसामाजिक परामर्श आदि जस्ता क्षेत्रमा सुधार आवश्यक भएको पाइयो । त्यसैगरी बालगृहहरुमा सरसफाई, पोषणयुक्त खाना, पारिवारिक वातावरण, खेल सामग्री र खेल मैदान समेतको उचित प्रबन्ध हुनुपर्ने सुझाव प्राप्त भयो । अन्य सुझावहरु तपशील वमोजिम रहेका छन् :-

- Man Power, Physical Facility र Quality Education को व्यवस्था हुनुपर्ने,
- व्यवस्थित सुरक्षित भवन तथा सुरक्षाको कडा व्यवस्था हुनुपर्ने,
- भवनको संरचना र संख्या वढाउनुपर्ने,
- बच्चाहरुका आया नियुक्ति गर्नुपर्ने,
- गृहका बालकहरुको शिक्षाको स्तर अभिवृद्धि गर्न Extra Coaching को व्यवस्था हुनुपर्ने
- आवश्यक जनशीक्त र बालमैत्री वातावरण हुनुपर्ने,
- बालअधिकारका आधारमा शिक्षित व्यक्ति वाडेनकारुपमा आवश्यक रहेको,
- लैङ्गिक समानताका दृष्टिले बालिकाको पनि व्यवस्थापन आवश्यक छ
- व्यवस्थापन समितिको भूमिका देखिनु पर्ने ।
- प्राविधिक विषय पढाउने तथा गृह शिक्षक व्यवस्था गर्नुपर्ने,
- भौतिक पूर्वाधार सम्पन्न भवन निर्माण गरी राख्ने,
- बालबालिकाले S.L.C पास गरेपछि उनीहरुको लागि इच्छाअनुसार प्राविधिक विषयमा पढ्ने व्यवस्था गर्नुपर्ने गर्नुपर्ने,
- व्यवस्थापन/खानपान/रहनसहन/विकास/सामाजिकीकरण/माया, प्रेम र घरेलु वातावरण सुधार गर्नुपर्ने,
- न्यूनतम मापदण्ड (बालगृह संचालन) अनुसार संचालन हुनुपर्ने,
- व्यवस्थापन समितिलाई संचालनमा सहभागी गराउनुपर्ने,
- बालबालिकाको संस्कार विकास, शिक्षा, खेलकूद र तालिम आदिको समुचित व्यवस्था हुनुपर्छ,
- निजी क्षेत्रसँग हातेमालो गरी सबै क्षेत्रमा सुधार गर्नुपर्ने,
- कर्मचारीमा सुधार गर्नुपर्ने,

- आर्थिक पारदर्शिता हुनुपर्ने,
- बस्ने खानेदेखि सम्पूर्ण व्यवस्थापनमा सुधार गर्नुपर्ने,
- पुराना भवन मर्मत संभार गरिनुपर्ने,
- गृहमा पूर्णरुपमा हेर्ने करार वा अन्य कर्मचारी महिला भएमा राम्रो हुन्छ,
- व्यवस्थापनमा आमुल सुधार गर्नुपर्ने,
- आर्थिक पक्ष पारदर्शिता गरिनुपर्ने,

**तालिका-४ नेपाल सरकारले बाल कल्याण गृह सञ्चालन गरेको विषयसँग यहाँ परिचित**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जानकारी छ | ६० | ९०.४ |
| २ | जानकारी छैन | १ | १.६ |
| जम्मा | | ६१ | १०० |

नेपाल सरकारले ४ वटा बालकल्याण गृहहरु सञ्चालन गरिरहेको विषयसँग ९० प्रतिशतभन्दा बढी ( तालिका ४) सरोकारवालाहरु जानकार भएको पाइयो भने यस्ता बाल कल्याण गृहहरु नेपाल सरकार आफैले सञ्चालन गर्नुपर्दछ भन्ने विषयमा तपाई सहमत हुनुहुन्छ भनी सोधिएको एक प्रश्नमा ७५ प्रतिशतले सहमत भएको जनाए ।

**तालिका-५ बालकल्याण गृहहरु नेपाल सरकारले आफैले सञ्चालन गर्नुपर्दछ भन्ने कुरामा सहमती /असहमती**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहमत छु | ४९ | ७५.४ |
| २ | सहमत छैन | १४ | २१.५ |
| ३ | थाहा छैन | २ | ३.१ |
| जम्मा | | ६५ | १०० |

**बालकल्याण गृहहरु नेपाल सरकारले आफैले सञ्चालन गर्नुपर्दछ भन्ने कुरामा सहमत हुनुका मुख्य कारणहरुः-**

यस्ता बालकल्याण गृहहरु नेपाल सरकार आफैले चलाउनु पर्दछ भनी सहमति जनाउनेहरुले यो लोककल्याणकारी कार्य भएकोले, सरकारको दायित्व भित्र पर्ने तथा सरकारले चलाउदा निश्पक्ष, दीर्घकालिन तथा बालबालिकाको हकहित संरक्षण हुने हुँदा राज्यले नै संचालन गर्नुपर्ने कुरामा सहमती जनाएको पाइयो । सहमति जनाउनुका अन्य मूख्य मूख्य कारणहरु निम्नानुसार रहेका छन्:-

- सरकारले गरेको काम सधैको लागि हुन्छ, संस्था र व्यक्तिले गरेको टिकाउँ हुदैन,

- दीर्घकालीन रुपमा व्यवस्थित रहन्छ
- कल्याणकारी कार्यक्रम राज्यले गर्नुपर्छ,
- यस कार्यका लागि नेपाल सरकारको संवैधानिक र नैसर्गिक अधिकार भएकाले यस कार्यमा सरकारको दायित्व रहन्छ ।
- नेपाल सरकारले आफैले बालकल्याण गृह सञ्चालन गऱ्यो भने यहाँका वालवालिकाहरुको अवस्था कस्तो छ भनी यथार्थ जानकारीमा आउँछ र बालबालिकाहरुमा अझ लगानीका अवसरहरु पर्याप्त मात्रामा जुटाउने अन्य वैकल्पिक माध्यमहरु खोजिन्छ र खोजिनुपर्छ,
- नेपाल सरकारले सञ्चालन गर्दा निश्पक्ष हुन्छ ,
- सरकारी संरचना ठीक छ, अनाथको संरक्षण गर्नु सरकारको कर्तव्य हो,
- बाल अधिकार प्रत्याभूत गराउनु राज्यको दायित्व हो,
- सुयोग्य नागरिक उत्पादनमा सरकारवाट नै संचालन गर्नुपर्ने,
- निजी क्षेत्रवाट बालवालिकाको रेखदेख र स्याहारमा कमी आउन सक्ला कि !
- सही व्यवस्थापनका लागि आवश्यक रहेको,
- अनाथ वालवालिका पनि भोलिका कर्णधार हुन, उनीहरुको उचित हेरविचार, शिक्षा तथा आवासको व्यवस्था भएन भने उनीहरु गलत वाटो अवलम्बन गर्न सक्छन् त्यसैले उनीहरुलाई भोलिका असल नागरिक बनाउनका लागि सरकारले जिम्मेवारी लिनु पर्दछ,
- यो कल्याणकारी कार्य राज्यको दायित्व हो । त्यसैले सरकारले नै संचालन गर्नुपर्छ । तर समाजको सहभागिता आवश्यक छ ।
- परित्यक्त बालबालिकाको संरक्षणमा राज्यले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ ।
- सन्तुलन तथा नियन्त्रणकालागि ।
- टुहुरा वालवालिकाको संरक्षणको लागि
- बालबालिकाको हक हितको लागि
- सरकारले आधारभूत कुरा गर्नुपर्छ । (लोककल्याणकारी राज्य भएकोले)

**बालकल्याण गृहहरु नेपाल सरकारले आफै सञ्चालन गर्नुपर्दछ भन्ने विषयमा सहमत नहुनुका कारणहरु ,**

- नेपाल सरकार, स्थानीय प्रशासन र व्यवस्थापन समितिको सहभागिता चाहिन्छ,
- स्थानीय परिवेश र यहाँको अवस्था स्थानिय व्यक्तिले बुझेको हुनाले,
- नेपाल सरकारको बढी खर्च हुने, किनकी सरकारले आफैले खोलेका ४ वटा बालगृहहरुलाई त बालकल्याण गृह व्यवस्थापन तथा सञ्चालन मापदण्ड, २०६९ अनुसार संचालन गर्न सकेको छैन र हाम्रो देशमा अनाथ वालवालिका, जोखिममा परेका वालवालिकाहरु सवैलाई समेट्न नसकिएको हुनाले अन्य गृहहरु पनि चाहिन्छ,

- हालसम्मको बालकल्याण गृह सञ्चालन र वालवालिकाको समग्र विकास हेर्दा सन्तोषजनक नभएको हुँदा :
- यस्ता सेवाहरु सामाजिक संस्थाहरुसँग मिलेर गर्नुपर्छ,
- बालबालिकाहरुको सामाजिकीकरण लागि
- यसमा खासै उपलब्धी छैन, खर्चको तुलनामा प्रतिफल छैन

**तालिका-६ बालकल्याण गृहहरु सञ्चालन गर्दा बढी प्रभावकारी हुने विषयहरु ?**

| क्र.सं. | | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अहिलेको विधि नै ठीक छ। | १० | १९.२ |
| २ | महिला तथा बालबालिका कार्यालयको प्रत्यक्ष नियन्त्रणमा | २५ | ४८.१ |
| ३ | कुनै संस्थामार्फत सञ्चालन गर्ने | ११ | २१.२ |
| ४ | अन्य (खुलाउने) | ६ | ११.५ |
| **जम्मा** | | ५२ | १०० |

कुन विधिबाट बालकल्याण गृहहरु सञ्चालन गर्दा बढी प्रभावकारी हुन्छ भनी सोधिएको प्रश्नमा ४८ प्रतिशतले महिला तथा बालबालिका कार्यालयको प्रत्यक्ष नियन्त्रणमा बढी प्रभावकारी हुने जनाए भने २१ प्रतिशतले कुनै संस्थामार्फत सञ्चालन गर्दा प्रभावकारी हुने जनाए। त्यसैगरी करिव ६ प्रतिशतले अन्य विधिहरु उल्लेख गरेका छन् (तालिका ६):-

**बालकल्याण गृहहरु सञ्चालन गर्दा बढी प्रभावकारी हुने अन्य विधिहरुः-**

- नेपाल सरकारले गैर सरकारी संस्थाहरुलाई संलग्न गराइ संचालन गर्दा बढि प्रभावकारी हुने,
- सरकारले सरोकारवाला र समाजको सहकार्यमा संचालन गर्नुपर्ने।
- सामाजिक विकासमा समेत सहयोग पुग्ने हिसावले कुनै पनि किसिमको विधि अपनाउन सकिने,
- महिला तथा बालबालिका कार्यालय र व्यवस्थापन समितिलाई जिम्मेवार वनाएर सञ्चालन गर्नुपर्ने,
- सबै राज्यका सरकार, निजी सरकारी तथा गैरसरकारी सवैको प्रत्यक्ष सहभागिता सञ्चालन गर्नुपर्ने,
- नीति नियम परिवर्तन गर्नुपर्ने तथा अनुगमन गर्नुपर्ने।
- जिल्ला बालकल्याण समितिको निगरानीमा सञ्चालन गरिनु पर्ने।
- महिला तथा वालवालिका कार्यालय र जिल्ला वालकल्याण समितिको प्रत्यक्ष नियन्त्रणमा सञ्चालन गर्नुपर्ने।

**बाल संरक्षणका सवालमा सरोकारवालाहरुले औंल्याएका मूख्य समस्याहरुः-**

- Quality युक्त Health and Education को व्यवस्था नभएको,
- अनुगमन नगरिएको,
- स्वास्थ खानपान, शिक्षा, सुरक्षा, अव्यवस्थित बसाइँ सराई,
- वाल संरक्षण जिल्ला बालकल्याण समितिको जिम्मा होइन, छुट्टै स्वतन्त्र संयन्त्र मार्फत पनि गरिनु राम्रो हुने,
- बालविवाह (विशेष गरी बालिका) को समस्या रहेको ।
- बाल मजदुरीको न्यूनीकरण गर्ने,
- बाल संरक्षण गर्नुपर्ने बालबालिकालाई खाने, बस्ने व्यवस्था सहित माया, ममता र ज्ञान सीपको आवश्यकता भएकोले यस विषयमा अनुसन्धान गरी आवश्यक व्यवस्था गर्नुपर्ने,
- वालबिवाह र बाल दूर्व्यवहार व्यापकरुपमा भइरहेका छन् यी समस्याहरु समाधान गर्न केवल र्‍याली र सडक नाटक मात्र भइरहेकाले यी समस्याहरु समाधान गरी बाल संरक्षण गर्नका निमित्त पर्याप्त बैकल्पिक उपायहरुको खोजी भइरहेको छैन ।
- परियोजनामा आधारित बाल संरक्षण कार्यक्रम मात्र रहेको,
- कूलतमा फस्ने सम्भावना देखिएको ।
- कानुनी साक्षरता कम रहेको ।
- शिक्षा गुणस्तरी नहुने प्रमुख समस्या, खानपानको व्यवस्थापनमा कमी तथा सरकारले संरक्षणका लागि व्यवस्थापन गर्ने कर्मचारीको अभाव रहेको ।
- शिक्षा प्रणाली उपयुक्त नभएको,
- व्यवस्थापन प्रणाली कमजोर रहेको,
- नवजात शिशु र साना वालवालिका संरक्षण गर्न कठिनाइ, सुरक्षित व्यवस्थापन र उमेर पुगेपछि जिविकोपार्जनको लागि प्राविधिक शिक्षाको व्यवस्था गर्न कठिनाइ ।
- बजेटको कमी, समिति सक्षम, स्वतन्त्र र निर्भिक हुन जरुरी रहेको,
- बालबालिकाको इच्छा बमोजिम पढाउने वा तालिम दिने व्यवस्था गर्नुपर्ने,
- वालवालिकालाई स्कुलमा भेदभाव गरिने ।
- स्कुलस्तरको शिक्षापश्चात्को अवस्था अनिश्चित रहेको,
- केवल औपचारिकताका लागि मात्र सञ्चालन भएको जस्तो भान परेको त्यसैले प्रभावकारी बनाउनु पर्ने ।
- बालबालिकाको संवेगात्मक, मनोवैज्ञानिक, सामाजिक, यौनिक शैक्षिक, शारीरिक विकासको उपयुक्त वातावरणको पूर्ण रुपमा Gurantee गर्न नसकिएको,
- सरकारको लाचारी पनि रहेको, शिक्षाको महत्व ग्रहण नगरेको,
- बालगृहका वच्चाहरुलाई आत्मनिर्भर बनाउनका लागि कुनै एउटा शीप सिकाएर मात्र कार्य पूरा नहुने ।

- बालबालिकाहरुको पठन पाठनका लागि छात्रवृत्ति, खाजा, खाना र आवासीय सुविधाको लागि आर्थिक समस्यानै मुख्य समस्या हो जस्तो लाग्छ ।
- पौष्टिक आहार, अनुशासित जिवनशैली, पठन पाठन, रोजगारीको अवसर, व्यक्तित्व निर्माणमा जोड दिनुपर्ने,
- बालबालिकाहरु एस.एल.सी पास गरेपछि वा १५ वर्ष पुरा भएपछि बालगृह छाड्नुपर्ने भएपनि समन्वयको अभाव रहेकोले कानुन र नीतिमा सुधार आवश्यक छ ।
- प्राविधिक र प्रयोगात्मक शिक्षाको अभाव,
- आत्मनिर्भरताकालागि विशेष कार्यक्रमको अभाव,
- सामाजिकीकरण र सामाजिक समायोजनको अभाव,
- गरिबी, अज्ञानता, पारिवारिक विखण्डन देखिएको,
- बालबालिकाको समग्र विकास गर्नेबारे स्पष्ट दिशा निर्देशन हुनुपर्ने,
- बाल मैत्री भौतिक पूर्वाधार नभएको ।
- शिक्षा र स्वास्थ्यसम्बन्धी उचित व्यस्थापनको अभाव,
- स्थानीयस्तरको सहभागितामा कमी ।

**हाल बालकल्याण गृहले नसमेटेका कुनै विषय छन् भने उल्लेख गर्नुहोस् भनि सोधिएका प्रश्नका उत्तरहरुः-**

- अनुगमन फितलो रहेको,
- Result Based नभएको,
- बालअधिकारको समग्र अधिकार विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्य,
- खाने र बस्ने प्रवन्ध बाहेक ती बालबालिकालाई सम्पूर्ण विकासको आवश्यकता भएकाले अन्य विषयलाई समेट्नु पर्ने,
- नियमित स्वास्थ्य जाँचको अभाव,
- बालकल्याणमै कार्यालय प्रमुखको व्यवस्था आवश्यक,
- बालिकालाई नसमेटेको,
- गुणात्मक शिक्षाको अभाव,
- हाल बाल कल्याण गृहले केटी (छोरी) लाई संरक्षण दिने अवस्था नभएको,
- बालिकालाई सुरक्षितसाथ राख्ने विषयको सम्बोधन नभएको,
- परामर्श तथा पुनर्स्थापनाको अभाव,
- बालबालिकाले शिक्षामा पूर्णता पाएपछि त्यसको व्यवस्थापनको अभाव,
- S.L.C पास भए पछि गृहमा बस्न नपाउने बच्चालाई त्यस पछिको शिक्षा पनि लिन पाउन पर्छ । आफ्नो जीवन यापन गर्न सक्षम हुन्जेल सम्म गृहले राख्नु पर्छ ।

- गुणस्तरीय शिक्षा हासिल गरेका छन छैनन भन्ने कुराको अनुगमन व्यवस्थापन पक्षवाट नभएको,
- सरसफाइ, खाना पोषिलो, अतिरिक्त शिक्षा नभएको,
- अन्य बालिकाले बालगृहमा उल्लेखनीय रुपमा प्रवेश नपाएका,
- व्यक्तित्व निर्माणका पाटाहरुलाई समेट्नुपर्ने,
- अहिले बालक राखिने गरेकोमा बालिकाहरु राख्ने छुट्टै कक्ष राखी बालिकाहरुको व्यवस्था हुनुपर्ने,
- गुणात्मक भौतिक पूर्वाधार, पाठ्य सामग्री, स्वास्थ वातावरण आवश्यक ।
- बाल अधिकार र जीवनोपयोगी सीप, व्यवसायिक सीप र तालिमलगायतका विषयहरु नसमेटिएको
- उच्च शिक्षाबारे कुनै योजना नभएको,
- असहाय बालिकाहरुको व्यवस्था नमिलाइएको,
- व्य.स.लाई आर्थिक अवस्थावारे अनभिज्ञता रहेको,
- प्राविधिक शिक्षा दिन नसकिएको,
- अनुगमनका साथै कार्यान्वयन पक्षमा जानुपर्ने ।
- उपचारको समुचित व्यवस्था नभएको,
- काम गदैन, कुरा धेरै गर्छ ।
- सम्बन्धित पक्षलाई बेला बखतमा तालिम दिनुपर्ने ।
- तालिम दिइएका विषयलाई पुनर्ताजगी गर्नुपर्ने ।
- बालबालिकाहरुलाई प्रवेशिका परीक्षा पास गरेपछि घर फिर्ता गर्नुभन्दा पहिला आयमूलक तालिम दिनुपर्ने ,
- व्यवस्थापक समितिलाई शक्तिशाली नबनाउँ, ऊ आफै आर्थिक रुपमा पारदर्शी नहुनु ।

**तालिका-७ बालकल्याण गृहको व्यवस्थापन सुधारका लागि कुनै सुझावहरु दिइएको /नदिएको**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दिएको छ | ३५ | ६०.३ |
| २ | दिएको छैन | १८ | ३१.० |
| ३ | थाहा छैन | ५ | ८.६ |
| जम्मा | | ५८ | १०० |

**बालकल्याण गृहको व्यवस्थापन सुधारको लागि सरोकारवालाहरुले दिइएको सुझावहरु (सम्झनाका आधारमा)**

- गुणस्तरीय शिक्षा तथा व्यवस्थापनमा सुधार
- मनोसामाजिक सुधार,

- सरसफाईमा ध्यान दिन,
- फर्निचर थप गर्न,
- नेपाल सरकारको प्रत्यक्ष रेखदेख हुनुपर्ने,
- सीप विकासको लागि खेलकूद, करेसाबारी आवश्यक,
- भौतिक पूर्वाधारमा सुधार तथा सुरक्षा व्यवस्था मिलाउनुपर्ने,
- अतिरिक्त पढाईको व्यवस्था मिलाउनुपर्ने,
- खाना पकाउने गृह छुट्टै हुनुपर्ने,
- बालबालिकाहरुले मनको भावना पोख्ने आमा हुनु पर्ने,
- बालकल्याण गृहभित्र अतिरिक्त कृयाकलापको व्यवस्था हुनुपर्ने,
- भयरहित व्यवस्था हुनुपर्ने,
- शिक्षा, स्वास्थ्य, प्राविधिक तालिममा निःशुल्क व्यवस्था हुनुपर्ने,
- स्कूलमा गएर बालकल्याण गृहमा बस्ने बालबालिकालाई एउटाले बदमास गऱ्यो र बिग्रियो भन्दैमा सबैलाई नहेप्ने र नछुटाउने,
- जीवनशैली, खेलकुद, मनोरञ्जनका साधनहरु र १० कक्षा पछि के गर्ने आदि हेनुपर्ने,
- मनोबिमर्शकर्ता र शिक्षकको व्यवस्था हुनुपर्ने,
- सामाजिकीकरणका लागि आवश्यक उपाय अपनाउने
- स्वास्थ्य जाँचको व्यवस्था नियमित गर्नुपर्ने, स्वास्थ्य तथा वातावरण सुधार
- शिक्षा (विद्यालय भर्ना र पठनपाठन)
- बच्चाहरु (बालक) लाई सरसफाई, पौष्टिक आहारको राम्रो व्यवस्था हुनुपर्ने ।
- सरसफाईको उचित व्यवस्थापन गर्नुपर्ने,
- स्वास्थ्य उपचारमा ध्यान दिने,
- उपचार खर्चको व्यवस्था गर्नुपर्ने,
- ऐन, कानून, नियम, परिपत्रको परिपालन भएन ।

**तालिका-८ दिएका सुझावहरु कार्यान्वयन भए नभएका अनुगमन गरे/नगरेको**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २२ | ४०.० |
| २ | छैन | ११ | २०.० |
| ३ | थाहा छैन | २२ | ४०.० |
| जम्मा | | ५५ | १०० |

**तालिका-९ दिएका सूझावहरुको कार्यान्वयनको स्थिति**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कार्यान्वयन भएका छन् | ६ | ११.८ |
| २ | कार्यान्वयनको थालनी भएको छ | १३ | २५.५ |
| ३ | वास्तै गरिएन | ८ | १५.७ |
| ४ | थाहा छैन । | २३ | ४५.१ |
| ५ | प्रभावकारी कार्यान्वयन भएको छैन | १ | २.० |
| **जम्मा** | | ५१ | १०० |

**बाल अधिकार र बाल संरक्षणका लागि नेपाल सरकारलाई सरोकारवालाहरुको सुझाव**

- बालअधिकारका सन्धि सम्झौताअनुसारको कार्यान्वयन नभएको, व्यवहारमा लागु नभएको,
- यो क्षेत्रमा काम गर्ने छुट्टै स्वतन्त्र संयन्त्र हुनुपर्ने ,
- सबै कार्यालयका प्रतिनिधि र केही पदाधिकारी (पदेन) वाट यो गहन दायित्व निर्वाह हुँदैन
- एकीकृत योजना तर्जुमा एवं कार्यान्वयनमा मन्त्रालयस्तरदेखि जिल्ला सम्म (विषयगत निकाय) समन्वय हुनुपर्ने,
- बालकल्याण गर्ने सरकारी दायित्वलाई यथावत राख्दै यस क्षेत्रमा निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्नुपर्ने,
- बालबालिकाको शारीरिक, मानसिक बौद्धिक र संवेगात्मक विकासकालागि एकीकृत कार्यक्रम हुनुपर्ने,
- वालिकाहरुसमेत राख्ने व्यवस्था हुनुपर्ने,
- बालअधिकार र बालसंरक्षणका लागि नेपाल सरकारलाई सुझावहरुमा राम्रो वातावरण हुनु अति आवश्यक छ र छात्रका लागि मात्र बालकल्याण गृह भएकाले छात्राहरुको लागि हुनु आवश्यक छ,
- वालअधिकार र वालसंरक्षणको सवाललाई व्यापक रुपमा संचालन गर्न सर्वप्रथम बालबालिकाहरुलाई क्षमता अभिवृद्धि गर्ने तालिम, नेतृत्व शीपको तालिमजस्ता प्रशस्त मात्रामा दिनुपर्छ साथै वालवालिकाहरुको क्षमता कति वढ्यो भनी अनुगमन गर्ने कार्य पनि गरियोस् ।
- बालबालिकासम्बन्धी कार्यक्रम बालबालिकाहरुलाई नै उनीहरुको क्षमताका आधारमा सञ्चालन गर्न दिनुपर्ने ।
- बालअधिकार र बालसंरक्षण एक अर्कामा परिपूरक भएको हुनाले बालसंरक्षण अधिकृत, बालकल्याण गृह एकैसाथ काम गर्नुपर्ने र कार्यालयसमेत एउटै हुनुपर्ने,
- गुणात्मक शिक्षा प्रदान गर्नुपर्ने,

- लत्ताकपडा तथा खानाको विषयमा आर्थिक सुधार गर्नुपर्ने, बालकल्याण गृहमा बसेका बालकहरु S.L.C उर्तीण भए भएपछि अध्ययनको व्यवस्था पनि नेपाल सरकारले गर्नुपर्ने,
- उचित भौतिक पूर्वाधार/शैक्षिक गतिविधिहरुको सुधार,
- गुणात्मक शिक्षा र रोजगारमा प्राथमिकता दिनुपर्ने,
- परियोजनागत अवधारणावाट मुक्त हुनुपर्ने,
- मूल्यमान्यता र व्यवहारिकतामा आधारित प्रभावकारी कार्यक्रम हुनुपर्ने,
- सबै बालबालिकालाई नियमित विद्यालय पुऱ्याउनुपर्ने,
- मिड डे मील' को व्यवस्था हरेक प्रा.वि. मा राख्नुपर्ने,
- बालविवाह विरुद्ध कार्यान्वयन र अनुगमन गर्नुपर्ने,
- विद्यालयभित्र र एक किलोमीटर वरपर धुम्रपान मद्यमान आदिको पसल थाप्न नदिने,
- कानुनी व्यवस्था कार्यान्वयन हुनुपर्ने,
- महिला कर्मचारीहरुलाई भर्ना गर्नुपर्ने,
- बालगृह सञ्चालन तथा व्यवस्थापनसम्वन्धि मापदण्ड २०६९ बमोजिम हुनुपर्ने,
- बालकल्याण समितिको निगरानीमा र नियन्त्रणमा रहनुपर्ने,
- सरकारी र गैर सरकारी संस्थाहरुलाई बालबालिकाहरुको संरक्षणकालागि सचेतना जगाउने,
- नेपाल सरकारका मुख्य सवाल बाल अधिकार हो । तर सरकार अन्य विषयमा काम गरे पनि बाल प्रेम विवाह र सडक बालबालिकाको लागि काम गरेको देखिँदैन जसका लागि स्थानीय सरकारको १०% बजेटलाई सही रुपमा बालबालिका कै क्षेत्रमा खर्च हुनुपर्ने,
- सक्षम संस्थालाई अनुदान, वैदेशिक सहयोग लिई सञ्चालन गराउने,
- पहिलो प्राथमिकतामा राखेर संवेदनशील भइ कर्तव्य निर्वाह गरिनु पर्ने,
- विद्यालयस्तरको शिक्षापश्चात पनि अध्ययनलाई निरन्तरता दिने व्यवस्था हुनुपर्ने,
- सरकारको स्पष्ट नीति र गाईडलाईन हुनुपर्ने,
- पूर्ण शिक्षा, स्वास्थ्य र विकासको ग्यारेन्टी गर्ने गरी SOS जस्ता दीगो संस्थामा पहल गर्नुपर्ने ।
- Emergency Fund हरेक जिल्ला गा.वि.स.मा हुनुपर्ने,
- युग सुहाउने शिक्षा र पोषण युक्त खाना र निरन्तर निगरानी, सामाजिकीकरण हुनुपर्ने,
- १४ वर्ष मुनिका बालबालिकाहरुको कँही शोषण भइरहेको छ भने त्यसलाई कडाइ साथ रोक्ने उपाय गर्नुपर्छ साथै सर्वसाधारणमा यसको प्रचार प्रसार गर्नुपर्छ,
- बालबालिकाहरुलाई मनोबल उच्च बनाउन छात्रवृत्ति तथा पुरस्कारहरुको व्यवस्था गर्नुपर्ने,
- बालबालिकाको पालन पोषणमा निगरानी हुनुपर्ने,
- सुरक्षित वातावरणको पहल, पठनपाठन क्षमतावारे, अतिरिक्त क्रियाकलापमा संग्लनता, व्यक्तित्व विकासका अवसर, अनुशासित जीवनशैली, सहभागिता, सम्मान र समायोजन आवश्यक,
- बालबालिकाका मुद्दालाई केन्द्रमा राखी नीति योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयनकालागि अधिकार र स्रोत साधन सम्पन्न निकाय हुनुपर्ने,

- अल्पकालीन, मध्यकालीन र दीर्घकालीन  योजना तयार गर्नुपर्ने,
- केन्द्रले गरेका (तर्जुमा प्रतिबद्धता स्थानीय तहका योजनामा समावेश गरौं)
- कार्यान्वनयमा ध्यान दिनु पर्ने,
- ठोस कार्यक्रम संचालन गरिनुपर्छ,
- कुरा कम, काम बढी
- सरकारी तथा गैर सरकारी संस्थाको पछि नकुद्ने, दोश्रोका हितको लागि काम गर्ने, खाली विदेश भ्रमण/सेमिनारमा उच्च पदस्थहरु नकुद्ने ।

- रचनात्मक क्रियाकलापहरु कमिकरुपमा सञ्चालन गर्ने र सञ्चालन गरिएका क्रियाकलापहरुलाई पूर्णरुपमा अनुगमन गर्ने ।
- निजी रुपमा खोलिने गृहहरुलाई भौतिक तथा व्यवस्थापन राम्रो नभएसम्म स्वीकृती दिन हुँदैन,
- १० देखि ५ बजेसम्मका कर्मचारीवाट बालगृह राम्रोसँग सञ्चालन हुन सक्दैन, २४ घण्टे अभिभावकको भूमिकामा कर्मचारी खटाउने र त्यहीअनुसारको सुविधा दिने गर्दा राम्रो हुने, यस्का निम्ति गाइड गर्ने १ जना अभिभावकको भूमिका हुनु जरुरी छ ।

**हाल सञ्चालनमा रहेको वाल कल्याण गृहको व्यवस्थापन सुधारमा सरोकारवालाहरुका अन्य सूझावहरु**

- नीति नियमावली परिवर्तन गर्नुपर्ने,
- गुणस्तरीय शिक्षा, सरसफाइ, बालबालिकाको स्वास्थ्य, उपयुक्त खानाको व्यवस्था, सुरक्षा, आवश्यक सामग्री (कपी, किताव, लत्ताकपडा लाउने, ओछ्याने) र उचित औषधी उपचारमा समेत नेपाल सरकारको ध्यानाकर्षण हुनुपर्छ ।
- बालकल्याण गृहका बालकहरुलाई रोजगारीको व्यवस्था भए अति राम्रो हुने ।
- समय, समयमा स्वास्थ्य परीक्षण हुनुपर्ने,
- भौतिक सुविधा थप्नुपर्ने,
- बाल पुस्तकालय राख्नुपर्ने,
- अतिरिक्त पढाईलाई नियमित गर्नुपर्ने
- सबै सरोकारवालासँग प्रभावकारी समन्वय हुनुपर्ने,
- बालकल्याण गृह सप्तरीको सम्पूर्ण जग्गामा घेरा लगाई करेसाबारी लगाउँदा घरमा उब्जाएको स्वस्थ, औषधी नहालेको शुद्ध तरकारी खान पाउने । पढ्ने कोठा छुट्टै, मनोरञ्जनको लागि विभिन्न सामग्रीहरु राखिनुपर्ने । बालमैत्री वातावरणका लागि पहल गर्ने ।
- आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनअनुसारको प्रावधान ख्याल गरी वालसंरक्षण सम्वन्धी Strategic Plan  बनाइ सञ्चालन गराउने,
- बालकल्याण गृहमा ठूला मात्र होइन साना दुधे वालवालिका पनि आउने गर्छन र ती वालवालिकालाई हेर्ने आमाको व्यवस्था गरिदिनुपर्ने,

- बालबालिकाको इच्छा बमोजिम प्राविधिक विषय पढ्ने व्यवस्था मिलाइदिने,
- सामाजिक संघ संस्थाहरुसँग मिलेर सञ्चालन गर्ने,
- नयाँ भवन सुरक्षित वातावरणमा राख्ने,
- पोषण, खेलकूद र अतिरिक्त क्रियाकलापमा ध्यान दिने,
- समाजमा घुलमिल गर्ने अवसर प्रदान गर्ने,
- विद्यालय पठन पाठनमा निगरानी गर्ने,
- सामाजिक सहभागितामा वृद्धि गर्ने,
- राम्रोसँग बालगृह संचालन गरेको संस्थालाई अनुदानसहित काम गर्न दिने र प्रभावकारीरुपमा अनुगमन गर्ने,
- भौतिक संरचनामा र सरसफाईमा सुधार गर्ने,
- कर्मचारी नियुक्ती व्य.स. मार्फत गर्नुपर्ने,
- व्य.स. लाई बढी जिम्मेवार बनाउनुपर्ने,
- स्थायी कर्मचारीको नियुक्त व्यवस्थापन समितिमार्फत गर्नुपर्ने,
- वालकल्याण गृहको आवास व्यवस्थामा सुधार हुनुपर्ने,
- सुव्यवस्थित प्रशासन र आर्थिक पारदर्शिता हुनुपर्ने,
- एस.एल.सी. पश्चातका लागि पूर्वाधार तथा आयमुलक र सीपमूलक तालिमको आवश्यकता छ
- बालकल्याण सञ्चालन गर्ने व्यक्ति स्थायीरुपमा रहनुपर्दछ ।
- राजनैतिक हस्तक्षेप रोक्न पर्ने,
- Reward and Punishment व्यवस्था लागू गर्नुपर्ने ।

## ६.२: गृहमा बस्ने बालबालिकाहरुसँग गरिएको प्रश्नावली सर्वेक्षणको नतिजा

**तालिका १०: खानाको गुणस्तर**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकदम राम्रो | १८ | ३०.५ |
| २ | राम्रो | १९ | ३२.२ |
| ३ | ठीकै | १५ | २५.४ |
| ४ | नराम्रो | ७ | ११.९ |
| ५ | थाहा छैन | ० | ० |
| **जम्मा** | | **५९** | **१००** |

**तालिका ११: सरसफाइको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकदम राम्रो | १४ | ३१.१ |
| २ | राम्रो | १८ | ४०.० |
| ३ | ठीकै | २३ | २८.९ |
| ४ | नराम्रो | ० | ० |
| ५ | थाहा छैन | ० | ० |
| जम्मा | | ४५ | १०० |

**तालिका १२: मनोरञ्जनका साधनहरुको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकदम राम्रो | १८ | ३२.७ |
| २ | राम्रो | १६ | २९.१ |
| ३ | ठीकै | १७ | ३०.९ |
| ४ | नराम्रो | ४ | ७.३ |
| ५ | थाहा छैन | ० | ० |
| जम्मा | | ५५ | १०० |

**तालिका १३: मानसिक तथा शारीरिक सजायबारे जानकारी**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ३० | ५६.६ |
| २ | छैन | २३ | ४३.४ |
| जम्मा | | ५३ | १०० |

**तालिका १४: वालगृहको अनुशासन उलङ्घन गरेबापत सजाय पाए नपाएको**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २७ | ५०.९ |
| २ | छैन | २६ | ४९.१ |
| जम्मा | | ५३ | १०० |

**तालिका १५: सजायका प्रकार**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कान समातेर उठ बस गर्ने | २९ | ७०.७ |
| २ | शौचालयमा थुन्ने | ० | ० |
| ३ | हातले पिट्ने | ४ | ९.८ |
| ४ | लट्ठीले पिट्ने | ७ | १७.१ |
| ५ | अन्य (खुलाउने) | १ | २.४ |
| जम्मा | | ५१ | १०० |

**तालिका १६: पढ्ने विद्यालय प्रति सन्तुष्टी**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सन्तुष्ट छु | ३६ | ८५.७ |
| २ | सन्तुष्ट छैन | ४ | ९.५ |
| ३ | थाहा छैन | २ | ४.८ |
| जम्मा | | ४२ | १०० |

**तालिका १७: पढ्ने विद्यालयमा तपाइँले शारिरिक/मानसिक सजाय पाए/ नपाएको**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २२ | ४१.५ |
| २ | छैन | ३१ | ५८.५ |
| जम्मा | | ५३ | १०० |

**तालिका १८: विद्यालयमा पाएको शारीरिक/मानसिक सजाएका प्रकारहरु**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कान समातेर उठ बस गर्ने | २१ | ४८.८ |
| २ | शौचालयमा थुन्ने | १ | २.३ |
| ३ | हातले पिट्ने | ६ | १४.० |
| ४ | लट्ठीले पिट्ने | ९ | २०.९ |
| ५ | अन्य (खुलाउने) | ६ | १४.० |
| जम्मा | | ४३ | १०० |

**तालिका १९: गृहमा वस्दा विरामी भए/ नभएको**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ४९ | ९२.५ |
| २ | छैन | ४ | ७.५ |
| **जम्मा** | | **५३** | **१००** |

**तलिका २०: विरामी हुदाँ उपचार गराउने स्थान**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी अस्पताल | ४५ | ७७.६ |
| २ | निजी अस्पताल | ८ | १३.८ |
| ३ | औषधी पसल | ३ | ५.२ |
| ४ | अन्य (खुलाउन | २ | ३.४ |
| **जम्मा** | | **५८** | **१००** |

**बालकल्याण गृह सुधारका लागि बालबालिकाहरुबाट उठान गरिएका सुझाव तथा विषयहरुः**

- यहाँका दिदीहरुले बिहान हाम्रा खाटहरु सधैं आएर मिलाउँदैननन् ।
- हामीले खाने खाना पनि नकेलाईकन खुवाउँछन् भन्यो भने गाली गर्न थाल्छन्, कहिले काँही त शिक्षा र काँटी पनि पर्दछन्,
- यहाँका दिदिहरुले आफ्नो डिउटीमा आउन मन लागे आउँछन् न भए अगाडिको पसलमा गएर बस्छन्,
- यहाँ हामी स-साना बच्चाहरुको लुगा धोवीले धुँदैन, हामीले आफै धुनुपर्छ,
- यहाँ कम्प्युटरको व्यवस्था छैन, खेल मैदानको व्यवस्था छैन र घरमा अध्ययन गराउने टिचरको अभाव छ,
- लुगा कपडा तथा अन्य सामग्रीहरु समयमा पाइएको छैन,
- यहाँको केटाहरुले साना बालकहरुलाई बढी मात्रामा पिट्ने गरेका छन् ।
- हप्ता हप्तामा फलफूल खान पाइन्न
- खेलकुदको सामग्रीको अभाव छ,
- अन्य गेडागुडी र खानेकुराको अभाव छ ।
- वालकल्याण गृहमा पानीको अभाव छ ।

- १ महिनामा १/१ वटा लुगा धुने र नुहाउने साबुन एउटा पाइन्छ, त्यसले पुग्दैन ।
- पाउनुपर्ने समयमा कुनै पनि चीज पाएको छैन् ।
- पुस्तकालयको पनि अभाव छ ।

## ७. समस्या तथा समाधानका उपायहरुः

### ७.१ समस्याहरुः

**(क) समन्वय र नियन्त्रणः**

१. ४ वटा (राजविराज, विराटनगर, विरगञ्ज र बुटवल) बालगृहहरुको आर्थिक नियन्त्रण सिधै केन्द्रबाट हुने गरेको छ ।

२. विभाग, सम्बन्धित जिल्लाका महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समिति तथा व्यवस्थापन समितिलाई के-के विषयमा कति रकम खर्च भैरहेकोछ सोको जानकारी गराउन प्रचलन देखिँदैन,

३. जिल्ला बालकल्याण समिति र बालकल्याण गृह व्यवस्थापन समितिको बैठक नियमित बस्ने नगरेको,

४. बालकल्याण गृहको दैनिक व्यवस्थापनसम्वन्धी कामको विषयमा व्यवस्थापन समितिलाई संलग्न गराउने काम नभएको र समितिको म्याद सकिएकोमा थप्ने काममा पनि ढिलाइ हुने गरेको ।

५. विभाग र महिला तथा बालबालिका कार्यालयलाई प्रशासनिक हिसाबले बालगृहको समन्वय, नियन्त्रण, निर्देशनजस्ता पक्षमा जिम्मेवार नबनाइएको ।

**(ख) आन्तरिक व्यवस्थापनः**

१. एउटा कोठामा ३/४ जना बस्ने गरेका । तर हरेक विद्यार्थीका लागि छुट्टाछुट्टै कुर्ची, टेवल र दराजको व्यवस्था छैन,

२. विराटनगरमा एक जना र बुटवलमा ३ जना बालिकाहरु रहेका छन् । दुवै बालगृहहरुमा एक-एक जना वृद्ध महिलासमेत ती बालिकाहरुसँग बसेका छन् । बालिकाहरुका लागि छुट्टै बालगृह छैन

३. कोही कोही बाबु आमा भएकाहरुसमेत त्यहाँ बस्ने गरेका देखिन्छन, बाबुआमामध्ये एकजनामात्र भएकाहरुका बालकहरु पनि छन् । टुहुराहरु मात्रै त्यहाँ आश्रित छैनन्,

४. ४ वटै बालगृहहरुमा हालसम्म के-कति बालबालिकाहरुले सेवा लिए त्यसको विवरण राखिएको छैन । मन्त्रालयसँग पनि त्यस्तो विवरण देखिएन ।

५. १६ वर्ष पुरा भएपछि (SLC पास भएका वा पास हुन नसकेका) वालवालिकाहरु कुन अवस्थामा छन् भन्ने विषयमा सम्वन्धित बालकल्याण गृह र मन्त्रालय बेखवर छन् ।
६. खानपान, बिस्तरा, खाट, लुगा फाटो तथा सरसफाईका अवस्थामा खासै एकरुपता देखिँदैन ।
७. SLC पास हुन नसक्ने वा SLC पास भएर पनि उच्च शिक्षा अध्ययन गर्न नसक्नेहरुका लागि व्यावसायिक तालिम वा तालिम पछि रोजगार/स्वरोजगारको लागि कुनै प्रयास मन्त्रालयले हालसम्म गरेको छैन ।
८. ६/७ वर्षभन्दा मुनिका बालकहरुलाई बालगृहहरुमा राख्न नसकिने अवस्था छ ।

**(ग) अभिभावकत्वको अभावः**

१. स्कुल जाँदा कोही बालकहरु ड्रेस नै नलगाई, कपाल नकोरी, चप्पल मात्र लगाएर अर्थात् ल्याङफ्याङ हिसाबले बिद्यालय जाने गरेको स्थितिको पनि जानकारी हुन आयो ।
२. बालगृहको प्रमुखमा राजविराजमा नायव सुब्बाको व्यवस्था छ भने अन्यमा शाखा अधिकृत रहेको छ । विरगञ्जमा भने लामो समयदेखि लेखापालले चलाइरहेको देखियो तर लेखापालको समेत सरुवा भैसकेको छ ।
३. कर्मचारी १० देखि ५ बजेसम्म मात्र कार्यालयमा बस्ने अरु बेला एक जना पालेको भरमा बालगृह चलेको छ ।
४. बालगृहमा बालकहरु आफ्नै हिसावले बाहिर जान सक्ने, बाहिरका व्यक्तिहरु पनि खुला रुपले बालगृहमा आउन जान सक्ने अनुकूल वातावरण छ ।
५. दशैं, तिहार तथा लामो बिदामा बालकहरुमात्रै बालगृहमा बस्नु परेको स्थिति छ ।
६. आ-आफ्ना जात जातिअनुसारका सास्कृतिक चाडपर्वहरु मनाउने, परम्परागत मूल्यमान्यताहरुको जानकारी गराउने किसिमका क्रियाकलापहरुको अभाव छ ।

## ७.२ सुझावहरुः

माथि गरिएको अध्ययन तथा विश्लेषणका आधारमा तत्काल लागु गर्ने तथा दीर्घकालिन रुपमा भने कार्यान्वयन गर्न केही समय लाग्ने किसिमका छन् ।

१. बालगृहहरुलाई सम्बन्धित महिला तथा बालबालिका कार्यालयअन्तर्गत राख्ने,
२. व्यवस्थापन समितिमा बालगृहका विद्यार्थी मध्ये बिद्यार्थीले छानेका ८,९ र १० कक्षाका एकएक जना प्रतिनिधिहरु समावेश गराउने व्यवस्था गर्ने,
३. विनियोजित बजेटको विवरण विभाग, कार्यालयहरुलाई जानकारी गराइ बालगृहमा हुने सम्पूर्ण खर्च सम्बन्धित व्यवस्थापन समितिमा छलफल गराएर मात्र खर्च गर्ने व्यवस्था अविलम्बन शुरु गर्ने ।
४. बालगृहमा हुने सम्पूर्ण खर्चको विवरण गृहको सूचना पार्टीमा टाँस्ने व्यवस्था गर्ने ।
५. बालगृहको बजेट र खर्चको बारेमा प्रत्येक २ महिनामा जिल्ला बालकल्याण समितिको बैठकमा जानकारी गराउँने ।

६. बालगृहका प्रमुखलाई आवासीय बनाउने । प्रमुखले बिदा लिएको खण्डमा महिला तथा बालबालिका कार्यालयले बिदा अवधिभरको लागि अर्को कर्मचारीको व्यवस्था मिलाउने । २४ सै घण्टासम्म काम गर्ने प्रमुखलाई तलवको १००% सम्म भत्ताको व्यवस्था गर्ने,

७. बालगृह प्रमुखले बिहानदेखि बेलुकीसम्मका खाने, पढ्ने, खेल्ने अतिरिक्त क्रियाकलापहरुको दैनिकी बनाइ कार्यान्वयन गराउने । एक पटकमा प्रत्येक ७ दिनको त्यस्तो Routine बनाई सूचना पाटीमा समेत टाँस्ने,

८. आगन्तुहरु भित्र आउँदा र विद्यार्थीहरु बाहिर जाँदा वा आउँदा लगबुकमा समय जनाएर Record राख्ने व्यवस्था गर्ने ।

९. व्यवस्थापन समितिको बैठक महिनाको कम्तिमा पनि एक पटक बस्ने व्यवस्था मिलाउने ।

१०. स्कूल जाँदा गेटमानै बिद्यार्थीहरुले स्कूल ड्रेस तथा कपाल, नङ्, हात, गोडा, मुख आदिको सरसफाई गरे नगरेको सम्बन्धी विषयको जाँच गरेरमात्र स्कूल पठाउने व्यवस्था मिलाउने ।

११. गृह प्रमुखले बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता व्यवस्थापन समितिको सहयोगमा तयार गरी लागु गराउनु पर्ने ।

**१२.** बालकहरुलाई पूर्ण अनुशासित बनाएर गृह प्रमुखले राख्नुपर्ने छ । यदि कुनै बिद्यार्थीहरुलाई अनुशासित वनाउँने काममा गृह प्रमुखले समस्या देखेमा व्यवस्थापन समितिको सहयोगमा आवश्यक परामर्श (Counseling) सेवा मार्फत समस्या समाधानको प्रबन्ध मिलाउनु पर्नेछ,

१३. बालबालिकाहरुको पढाइको विषयमा बालकल्याण प्रमुख जिम्मेवार अधिकारी हो । माथिल्लो कक्षाका बालबलिकाले तल्ला कक्षाका बालबालिकालाई दैनिक निश्चित समय पढाउँने व्यवस्था गर्नुपर्ने ।

१४. ९ र १० कक्षाका बालबालिकाहरुका लागि भने व्यवस्थापन समितिको सहयोगमा स्नातक पास गरेका वा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुबाट Internship को माध्यमले अतिरिक्त कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

१५. आफ्नो भवन भएका बालगृहहरुमा अन्य Hostel को जस्तै Wall मा टाँसेर सुत्ने ठाँऊ बनाउने, कोठामा हुने खाली ठाँउमा कुर्ची, टेवल तथा दराज राख्ने व्यवस्था मिलाउने,

१६. प्रत्येक गृहमा आयाको गरी काम कर्तव्य र समय तथा पारिश्रमिकको बिषय सम्बन्धित व्यवस्थापन समितिको सरसल्लाह एवं सहमतिमा तय गर्ने । (यो विषय पनि Volunteers बाट हुन सक्ने सम्भावना छ ।)

१७. हाल बालिकाहरुकालागि छुट्टै बालिका गृह रहेको छैन । केही अपबाद वाहेक टुहुरा, बेसाहारा बालिकाहरुलाई बालगृहमा राखिने गरेको छैन । अतः त्यस्ता बालिकाहरुका लागि काठमाडौंको कुनै उपयक्त ठाँउमा यसै आ.व.देखि कार्यक्रमका साथ बजेटको बन्तोबस्त गरी बालिका गृह सञ्चालन गर्नु पर्ने,

१८. विरगञ्जको बालगृह पुरानो हिसाबले बनेको र कम्पाउण्डसमेत कम भएकाले सोही ठाँउको वरिपरि उपयुक्त जग्गा खोजी बालगृह निर्माण गर्नु उपयुक्त हुने । अहिलेको ठाँउलाई मन्त्रालयको अन्य प्रयोजनका लागि उपयोग गर्नु पर्ने ।

१९. अपाङ्गता भएका वालवालिकाहरुका लागि छुट्टै वालगृहको व्यवस्था गर्नुपर्ने ।

२०. सबै बालगृहहरुमा क्रमशः बालबालिका राख्ने क्षमता ५० देखि ७५ सम्म पुऱ्याउनु पर्ने ।

२१. कति वर्ष उमेर पुगेका बालबालिकाहरुलाई बालगृहमा राख्न सकिने हो न्यूनतम उमेर तोक्नुपर्ने ।

२२. बालबालिकाहरुको SLC पछिको उच्च शिक्षा वा व्यवसायिक तालिम एवं स्वरोजगार/रोजगार सम्वन्धी व्यवस्था मन्त्रालयले तयार गर्नुपर्ने ।

२३. बालबालिकाहरुको सुरुदेखिको अद्यावधिक विवरण तयार गरेर राख्नुपर्ने ।

२४. बाल संरक्षण गृहमा रहेका बिद्यार्थीहरु कक्षामा प्रथम, द्धितीय र तृतीय भएमा प्रति त्यस्ता बिद्यार्थी ५०० देखि १००० रुपैंयासम्म बालगृह प्रमुखलाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने ।

२५. बालगृहको सुरक्षाको लागि बालगृहको गेटमा पहरागणका प्रहरी कर्मचारीबाट २४ सै घण्टा सुरक्षाको प्रबन्ध मिलाउनुपर्ने ।

२६. नास्ताका लागि तोकिएको प्रतिदिन रु १५ रुपैंया अत्यन्त कम छ । नास्तालाई रासनमै मिलाउनु पर्ने,

२७. वालवालिकाहरुलाई वालगृहमा राख्दा अपउप्रान्त प्रक्रिया पुऱ्याएर अनाथ, वेसाहारा बाहेक अरुलाई नराख्ने व्यवस्था सम्बन्धित महिला तथा वालवालिका कार्यालयले मिलाउनुपर्ने ।

२८. बढिमा २७ जनाको वालवालिकाको लागि हाल वालगृह प्रमुख र लेखापाल बाहेक ५-६ जना सहयोगी कर्मचारीको संख्या बढी देखिन्छ ।

२९. खाना पकाउने, सरसफाई गर्ने कामलाई Outsourcing बाट व्यवस्था गर्नुपर्ने ।

३०. बालगृहमा बस्ने वालवालिका मध्ये काम गर्न सक्नेहरुको हकमा आफ्नो व्यक्तिगत सरसफाइ तथा खाना पकाउने काममा समेत संलग्न गराउनु पर्ने ।

## बालकल्याणगृह अनुगमनका केही झलकहरुः



बालगृह, विरगञ्जको कार्यालय भवन



बालगृह विरगञ्जको अनुगमन क्रममा मन्त्रालयका सचिव श्री धनबहादुर तामाङ्ग



**बालगृह विरगञ्जको भवन (मन्त्रालयका सचिव, सहसचिव, व्यवस्थापन समितिका पदाधिकारीहरुसँग)**



**बालगृह, विरगञ्जमा बालबालिका बस्ने कोठा**




**मन्त्रालयका सचिवलगायत अनुगमन टोली जिल्ला बालकल्याण समिति पर्साको वैठकमा सहभागी हुँदै**



बालकल्याण गृह विरगञ्जको भान्छा



बालकल्याण गृह विरगञ्जको शौचालय



बालकल्याण गृह वुटवलको अनुगमन क्रममा अन्तरक्रिया हुँदै



बालकल्याण गृह बुटवलका व्यवस्थापन समिति अध्यक्ष गतिविधि प्रस्तुत गर्दै



जिल्ला बालकल्याण समितिका अध्यक्ष तथा रुपन्देहीका प्रमुख जिल्ला अधिकारीसँग अनुगमन टोली





**बालकल्याण गृह मोरङ्गको नवनिर्मित भवन**






जिल्ला बालकल्याण समिति सप्तरीको वैठकमा सहभागी हुँदै अनुगमन टोली



बालकल्याण गृह राजविराजको भान्छा ।